# स्वागत मन्तव्य तथा आर्थिक सम्मेलन-२००८ बारे संक्षिप्त जानकारी

सम्मानीय प्रधानमन्त्रीज्यू,
राजनीतिक पार्टीका प्रमुख नेताज्यूहरु तथा नेतृत्वगण
माननीय मन्त्रीज्यूहरु, महामहिम राजदुतज्यूहरु
संविधानसभाका माननीय सभासदज्यूहरु,
नेपाल सरकार, तथा विभिन्न दातृनिकायका पदाधिकारीज्यूहरु
आमन्त्रित विशिष्ठ अतिथिगण
पत्रकार मित्रहरु, मेरा सहकर्मी उद्यमी तथा व्यवसायीसाथीहरु,
उपस्थित भद्र महिला तथा सज्जनवृन्द,

राष्ट्रले समुन्नतिको दृष्टिकोणबाट नयाँ परिभाषाको चाहना र त्यसलाई साकार पार्ने राष्ट्रिय संकल्पको आग्रह गरिरहेको यस विशिष्ठ क्षणमा नेपाल उद्योग परिसंघले नयाँ शिराबाट प्रारम्भ गरेको आर्थिक सम्मेलन-२००८ को समुद्घाटन समारोहमा उपस्थित प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरुलगायत समस्त अतिथि महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु । अनेकौं प्रतिकुलता र चुनौतीहरुका बाबजुद पनि हामी यहाँ एउटा राष्ट्रिय संकल्पको अभियानमा सहभागी भएकाछौं, **‘हरेक नेपालीको मासिक आय रु. १२ हजार : एक राष्ट्रिय संकल्प’** को प्रस्थानविन्दु हो यो । यही विन्दुमा उभिएर म यस गरीमामय समारोहमा सम्मेलनको पृष्ठभूमी, उद्धेश्य र औचित्यका बारेमा संक्षेपमा आफ्ना भनाइहरु राख्ने अनुमति चाहन्छु ।

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा अतिथि महानुभावहरु,**

हरेक नयाँ युगलाई पछिल्लो युगले आफ्ना उपलब्धी र अनुभवबाट सिकेका पाठ हस्तान्तरण गर्ने गर्दछ र अज्ञात भविष्यमा सही बाटो पहिल्याउन मार्गदर्शन गर्दछ । नेपालसँग पनि पछिल्लो झण्डै आधा शताब्दी लामो अनुभवको संगालो र दस्तावेज छ । इतिहासबाट शिक्षा ग्रहण गर्दै समृद्ध र समुन्नत नेपाल निर्माण गर्नु आजको आवश्यकता हो । यसका लागि गुण र दोषका आधारमा हिजोका अनुभवहरुलाई समेत भोलीको तयारीका निम्ति ग्रहण गर्नुपर्छ न कि पूर्वाग्रहका रुपमा । यही आग्रहका साथ सर्वप्रथम म एक सर्वसाधारण नेपालीले देखेको र भोगेको देशको चित्र प्रस्तुत गर्ने चाहन्छु ।

देशको झण्डै आधा जनसंख्या निरक्षर र एकतिहाई जनता निरपेक्ष गरीवीको रेखामुनि छ । गरिबीको रेखामुनी रहेको जनसंख्याको प्रतिशत घटेको तथ्य सार्वजनिक भएपनि धनी र गरीबवीचको आर्थिक असमानताको खाडल अझ बढी गहिरिएको छ । यो असमानतालाई तत्कालै व्यवस्थापन नगरेमा एउटा द्वन्द्व नसकिदै अर्को द्वन्द्व चर्किने खतरा अझ जीवितै छ । सामाजिक आर्थिक विकासका आधारहरु स्वंय कमजोर र खस्किदा छन् । स्वतन्त्र विचार र सोचको सारथि, वौद्धिक वर्ग यात पाखा पारिएका छन् या संकीर्ण सत्ता राजनीतिभन्दा माथि उठ्न सकेका छैनन् । सामाजिक आर्थिक क्षेत्रको उत्पादक वर्ग किंकर्तव्यविमुढ, चिन्तित, असुरक्षित र उत्साहहीन छ ।

विगत १२ वर्षे लामो द्वन्द्व र त्यसपछि २ वर्षको शान्ति प्रक्रियाको क्रममा आर्थिक मुद्दा कहिल्यै केन्द्रबिन्दुमा आउन नसक्नाले आर्थिक दृष्ट्रिकोणबाट नेपाल ज्यादै कठिन परिस्थितिबाट गुज्रिरहेको छ । पर्याप्त मात्रामा रोजगारीका नयाँ अवसरहरु सिर्जना नहुँदा २० लाख युवाहरु कामको खोजीमा बाहिरिएकाछन् ।

देशको कुल जनसंख्याको ८० प्रतिशत घरपरिवारको मुख्य पेशा कृषि रहेको छ । तर, दुर्भाग्य देशका करिव ३५ प्रतिशत जनसंख्याले खाद्यपदार्थको अभाव महशुस गरिरहेको छ । कृषि पेशालाई हेयको दृष्टिले हेर्ने चलन छ । कृषि कुनै व्यवसाय वा पेशा नभई जीवन धान्नको लागि अपनाउनु परेको बाध्यताको पेशा भएको छ । यो क्षेत्रलाई उच्चतम उत्पादनशील बनाउन राष्ट्रले दिनु पर्ने संरक्षण सधैं नै “बजारमुखी उदार अर्थतन्त्र” भनिने कुतर्कको बन्दी बनेको छ । फलस्वरुप शहर र गाउँवीच असमानताको खाडल बढ्दो छ ।

वि.स. १९९३ देखि शुरुवात भएको आधुनिक उद्योग स्थापनाको ७२ वर्ष तथा योजनाबद्ध विकासको पाँच दशक पूरा हुँदा समेत देशमा औद्योगीक विकासको दीगो आधारशीला खडा हुन सकेको छैन । विगतमा स्थापित अधिकांश उद्योगहरु पूर्णतः बन्द भैसकेका छन, भएका केही उद्योगहरु पनि रुग्ण अवस्थामा पुगेका छन । कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ७ प्रतिशतमा झरेको छ । समग्र औद्योगिक क्षेत्रमा जडता छाएको छ ।

नेपालको बैदेशिक व्यापारको संरचना अत्यन्त गम्भीर स्थितिमा पुगेको छ । पहिलो जनआन्दोलन पछि बनेको सरकारको प्राथमिकता आर्थिक क्षेत्रतर्फ केन्द्रीत हुँदा सन् १९९३ मा समग्र आर्थिक वृद्धिदर ७ प्रतिशत र देशको कुल निर्यात दोब्बर हुन पुगेको थियो । यही बेलामा मुलुकमा कार्पेट, गार्मेन्ट जस्ता उद्योग खुल्ने लहरै चलेको थियो ।

यस दौरानमा भारत निकासीको लक्ष्य बोकेर खडा भएका डाबर, लिभर, कोलगेट जस्ता बहुराष्ट्रिय कम्पनीहरुको एउटा नयाँ श्रृखलाको शुरुवात भएको थियो । त्यही कारणले सन् १९९६ को नेपाल भारत व्यापार सन्धिपछि नेपालको भारततर्फको निकासीमा ४ अर्ब रुपैयाँबाट सन् २००० सम्ममा २८ अर्ब पुगेको थियो । अहिले नेपालको वैदेशिक व्यापार घाटा वार्षिक १३० अर्ब रुपैया नाघेको छ । जुन कुल गार्हस्थ्य उत्पादनको करिव १८ प्रतिशत हुन आउँछ । नेपालको भारततर्फ हुने कुल निकासी करिब ४० अर्ब मात्र रहेको छ, जबकी हामीले भारतबाट साढे ३३ अर्बको पेट्रोलियम पदार्थ मात्रै आयात गरेको अवस्था छ । फलस्वरुप २ अर्बको डलर साटेर भारु भुक्तानी गर्ने स्थितिमा मुलुक पुगेको छ । हाम्रा निर्यातमुखी उत्पादनहरु गार्मेन्ट, कार्पेट, पश्मिनालगायतको स्थिति दिनानुदिन खस्कदो छ भने स्वदेशी बजारमुखी उत्पादन चीन र भारतका सस्ता उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेर क्रमशः बन्द हुदैछन् । प्रतिस्पर्धायोग्य उत्पादनको बलियो आधारशीलाको अभावमा साफ्टा, बिमस्टेक, डब्लुटीओका सम्पूर्ण प्रावधानहरु हाम्रा लागि सहायकसिद्ध हुनुको सट्टा घातकसिद्ध हने खतरा प्रष्ट देखिएको छ ।

भौतिक पूर्वाधारको विकास समग्र एवं दीगो विकासको पूर्वशर्त हो । विदेशी सहायताबाट योजनाबद्ध विकासको पाँचदशक लामो प्रयाशका बाबजुद मुलुकमा भौतिक पूवाधारको निर्माण गति ज्यादै सुस्त छ । जलस्रोत धनी मुलुक तर, देशमा खानेपानीको हाहाकार छ, धारा छ तर पानी आउँदैन, पेट्रोलपम्पहरु पर्याप्त छन तर तेल पाइदैन । पेट्रोल डिजल मात्र होइन, ग्याँस र खानेपानीको पनि हाहाकार छ । वर्षायामको समयमा समेत लोडसेडिङ कायम छ । मोवाईल टेलिफोन हातमा छ तर, कुरा गर्न सकिदैन । मूलुकको न्यूनतम आपूर्ति व्यवस्था पूर्णरुपले विखण्डित छ ।

चीन र भारत दुबै राष्ट्रहरु सन् २०२० मा विश्वकै पहिलो तथा तेस्रो ठूलो अर्थतन्त्र बन्ने क्रममा छन् । यसक्रममा चीनले तीन दशकदेखि औसत ९.९ प्रतिशत र भारतले केही वर्षयता ९ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरिरहेको छन । नेपालको वृद्धिदर विगत पाँच वर्षमा औसत ४ प्रतिशत भन्दा कम छ । नेपालीको मासिक आय भने लगभग ३,५०० भन्दा माथि उक्लन सकेको छैन । त्यसमा पनि शहरी र ग्रामीण क्षेत्रको आयको बीच ठूलो खाडल छ । हुन त हामी यसका लागि द्वन्दलाई कारण देखाउँछौ तर विश्वको इतिहास हेर्ने हो भने द्वन्द्वरत मुलुकहरुमा पनि आर्थिक वृद्धिदर उच्च रहेको देखिन्छ ।

राष्ट्र निर्माणको सबैभन्दा महत्वपूर्ण पूर्वाधार दक्ष जनशक्ति हो । सही शिक्षा, पेशाप्रतिको सम्मान र आयमुलक तालिम (Training Platform) यसका पहिलो शर्त हुन । अपूर्ण, अपर्याप्त, असान्र्दभिक तथा अव्यवहारिक शिक्षा प्रणालीका कारण एकातर्फ मुलुकमा चाहिने दक्ष जनशक्तिको ठूलो अभाव छ भने अर्कोतर्फ बेरोजगार युवाहरुको भिडले राजनीतिक नेताहरुलाई आफ्नो काम गर्न समेत फुर्सद नमिल्ने स्थिति छ । हुनत २० लाखभन्दा बढी कामको खोजीमा बाहिरिएका युवाहरुको आयले द्वन्द्वको समयमा समेत मूलुकको अर्थतन्त्रलाई धान्ने काम गऱ्यो । तर, यही शिक्षा, तालिम तथा प्रशिक्षणका कारण उनीहरु आजपनि मासिक डेढसय डलरभन्दा कम आयमा अत्यन्त कठिन परिस्थितिमा जीवन गुजारा गरिरहेका छन् ।

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा आमन्त्रित महानुभावहरु,**

माथि मैले उल्लेख गरेका तथ्यले वर्तमान नेपालको अर्थतन्त्रको यथार्थ तस्विर झल्काउँछ । तर, यसको अर्थ यो नलागोस् कि मुलुकमा चुनौति तथा समस्याहरु मात्र छन् । जति समस्या र चुनौतिहरु छन त्यतिकै मात्रामा सम्भावना र अवसरहरु पनि छन । तर, त्यसको बाबजुद नेपाल किन पछि परिरहेको छ ? त्यसको समूचित र भरपर्दो समाधान के हो ? आजको मूल प्रश्न पनि यही नै हो । हामीलाई लाग्यो, हामीले अब यस विषयमा प्रवेश गर्नै पर्दछ । त्यसका लागि हामीले प्रश्न होइन, विषय रोज्यौं– Double Digit Growth : A National Commitment । आम नेपालीले बुझ्ने भाषामा हामीले यसलाई : **आम नेपालीको मासिक आय रु. १२,०००/-: एक राष्ट्रिय संकल्प** भन्यौ । विगतमा हामीले यो प्रश्न उठाउँदा एक मात्र जवाफ आउँथ्यो- ‘पहिला राजनीतिक मुद्दा सल्टियोस्, विकास त स्वतः आरम्भ हुन्छ ।’ हामी सधैं भन्थ्यौ- ‘आर्थिक समुन्नतिको अभावमा सामाजिक एवं राजनीतिक स्थिरता आउनै सक्दैन । यी दुई पक्ष एक-अर्काका परिपुरक हुन् ।’ अहिले भइरहेको रु. ३,५०० को मासिक आम्दानीलाई १२,००० पुऱ्याउन अब आउने १० वर्षसम्म राष्ट्रको वार्षिक लगानी १७६ अर्बको सट्टा ४०० अर्ब हुनुपर्नेछ । अब प्रश्न उठ्छ- यो थप २२५ अर्व लगानी कहाँबाट आउँने हो ? कसले गर्ने हो ? कुन क्षेत्रमा गर्ने हो ?, र लगानीलाई समेट्नसक्ने राजनीतिक संकल्प, तद्अनुरुपको आवश्यक नीति निर्माण एवं त्यसलाई भित्र्याउँन सक्ने शासकीय क्षमता कहाँबाट जन्मिने हो ? यिनै प्रश्नहरुको सार्थक जवाफ खोज्ने एवं यिनै विषयहरुसँग गाँसिएका यथार्थताहरु, जटिलताहरु अनि पूर्वशर्तहरु ठम्याउन सजिलो होस् भन्ने उद्धेश्यले पनि हामीले यो सम्मेलनको आयोजना गरेका हौं ।

वास्तवमा साधन र स्रोत हाम्रो समस्या होइन । ३० करोड रुपैयाँ बराबरको बैंकको शेयर बजारमा जारी हुँदा १० अर्ब रुपैयाको दरखास्त पर्दछ । २ अर्बको लगानीमा खुल्ने बैंकहरुको श्रृखला नसकिदों छ । लगानी योग्य वातावरणको अभावमा लगानीकर्ताहरु केबल घरजग्गा एवं शेयर मार्केटमा मात्र केन्द्रीत हुँदा यी दुबै क्षेत्रको मूल्य आकासिदों छ । जसले कुनै दिन नयाँ दुर्घटना जन्माउन सक्छ । विदेशबाट प्राप्त हुने ३ अर्ब डलर बराबरको तरलता उत्पादनशील क्षेत्रमा लगाउन सकिएको छैन । समस्या उद्यमशीलता र व्यवस्थापनको पनि होइन । किनकी, नेपालका उद्यमी एवं व्यवस्थापकहरुले नेपाल भित्र मात्र होइन नेपाल बाहिर समेत आफ्नो पहिचान बनाएका छन् । कुनै समस्या छ भने यो साधन स्रोतलाई निर्वाधरुपमा लगानी गर्न दिने वातावरण हो ।

निश्चय पनि मुलुक एकपछि अर्को संक्रमण भएर गुज्रिरहेको छ । यस्तो अन्त्यहीन संक्रमणको बेला कसरी द्रुतत्तर आर्थिक विकासको कुरा सम्भव छ भनेर प्रश्न उठ्नु स्वभाविक हो । यस प्रसंगमा म यस विद्धत समुपस्थितिलाई विनम्रतापूवक के आग्रह गर्न चाहन्छु भने यदि जापानको हिरोसिमा र नागासाकीमा बम विस्फोट भएर उनीहरुको स्वाभिमान र अस्तित्वमा आघात नपुगेको भए, शायद आजको समृद्ध जापान हुने संकल्पको जन्म नै हुने थिएन । इतिहास साक्षी छ, जापानमा त्यो विषम परिस्थितिमा उठेको त्यो राष्ट्रिय संकल्प (National Passion) कुनै एक राजनीतिक पार्टी वा कुनै एक राजनेताको दुरदृष्टिबाट निर्देशित थिएन । वास्तवमा राष्ट्रमाथि आइपरेको अभूतपूर्व संकट, त्यहाँका जनताले भोगेको वेदना र उनीहरुले महसुस गरेको अपमानबोधबाट सिर्जना भएको अन्तरमनको सामूहिक आवाज थियो । आज हाम्रो देशलाई आर्थिक विकासका पक्षमा त्यस्तै प्रकारको सबै राजनीतिक पार्टीहरुको, सबै राजनीतिक नेताहरुको र विकासका सबै साझेदारहरुको राष्ट्रिय संकल्पको खाँचो छ ।

मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा रुपान्तरण भएको छ । नेपाली इतिहासलाई नियाल्ने हो भने आज नेपाल नयाँ युगको संघारमा उभिएको छ । नेपाली जनताले नयाँ संविधान निर्माणका लागि आफ्नो अभिमत दिइसकेका छन् । दशकौदेखि थाति रहेको नेपाली जनताको इच्छा, आकांक्षा र चाहनालाई सम्बोधन गर्दै नेपाललाई अग्रगमनको नयाँ युगमा पदार्पण गराउने ऐतिहासिक अभिभारा लिएर संविधानसभा स्थापित छ । १२ वर्षको युद्ध एवं क्रान्तिबाट खारिएको नेकपा माओवादीको नेतृत्वको राष्ट्रिय सरकार भर्खरै स्थापित भएको छ । त्यस अर्थमा

राजनीतिक मुद्दाहरुले समूचित निकास पाएका छन । राजनीतिक संरचनामा क्रान्तिकारी परिवर्तन भएका छन । यदि अब कुनै अजेण्डा बाँकी छ भने त्यो केबल आर्थिक अजेण्डा मात्र हो । सदैव राजनीति नै केन्द्रविन्दु रहदै आएको यस देशमा अब आर्थिक अजेण्डालाई केन्द्रविन्दुमा राखेर सरकार, सम्पूर्ण राजनीतिक पार्टीहरु तथा ती पार्टीका भातृ संगठनहरु लगायत मुलुकको सम्पूर्ण शक्ति अब ‘नयाँ नेपाल’ मात्र होइन ‘एक समृद्धशाली नयाँ नेपाल’ को निर्माणमा केन्द्रीत गर्ने बेला आएको छ ।

म यहाँहरुको सामु कुनै अर्थशास्त्री, विकासविज्ञ या योजनाविद्को रुपमा होइन, कर्पोरेट वर्ल्डको एक साझा प्रतिनिधिका रुपमा प्रस्तुत भएको छु । सामान्यतः कर्पोरेट वर्ल्डमा तथ्यांकहरुको सञ्जाल होइन, अवसर, चुनौति र सम्भावनाहरु अनि तिनीहरुलाई प्राप्त गर्ने प्रक्रियाहरुको मात्र कुरा हुन्छ । हामी विश्वास गर्दछौं कि लक्ष्यमा प्रष्टता भएपछि साधन स्रोत आफै जुट्दै जान्छ । एउटा उद्यमी स्वप्नशील हुन्छ, साधन स्रोत छैन भनेर ऊ चुप लागेर बस्दैन । साधन स्रोत उसले सिर्जना गर्दछ । हामीलाई लाग्दछ यदि आमनेपालीको मासिक आय आज भएको रु ३,५००/– बाट १२,०००/– पुऱ्याउने हो भने राज्यले पनि अब एउटा उद्यमीलेझैं सोच्नु आवश्यक छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा आमन्त्रित महानुभावहरु,**

हामीले बुझेसम्म विभिन्न पार्टीहरुकाबीच राजनीतिक विषयहरुमा मतमतान्तर होलान । तर, आर्थिक विकास गर्ने कुरामा सबैको एकमत छ । त्यसलाई हासिल गर्ने तरिकामा केही फरक सोचाई होलान, तर लक्ष्यमा कुनै भिन्नता छैन । त्यसैले अब हामी सबैले एकमतले देशको आर्थिक समृद्धिका लागि संकल्प गर्ने बेला आएकोछ । म आग्रंह गर्न चाहन्छु कि यसको शुरुवात यसै मञ्चबाट होवोस् ।

यस संकल्पलाई मुर्तरुप दिन हामीले सम्मेलनमा परम्परागत निजी क्षेत्रको धारणालाई नयाँ कोणबाट प्रस्तुत गर्दै विभिन्न १८ वटा सम्भावित क्षेत्रहरुको पहिचान गरेकाछौं । र, ती सबै क्षेत्रबाट सम्मेलनका कार्यशत्रहरुमा प्रतिनिधिमुलक प्रस्तुतीहरु रहने व्यवस्था मिलाएका छौं, जसमाथि गम्भीर बहस गरी एउटा निचोडमा पुग्ने प्रयत्न गरिनेछ भन्ने हाम्रो विनम्र आग्रह हो, विश्वास हो । यद्यपि, यस विद्धत समुदायमाँझ कसरी आम नेपालीको मासिक आय रु. १२,००० बनाउन सकिन्छ, केही प्रारम्भिक सोचहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालको विकास गर्ने हो भने कृषिमा आमूल परिवर्तन ल्याउनैपर्छ । जबसम्म देशको ८० प्रतिशत जनताको जीवनवृतिसँग सरोकार राख्ने कृषिमा गुणात्मक परिवर्तन आउँदैन, तवसम्म आमनेपाली जनता गरीवीको रेखामुनिबाट उम्कन सम्भव हुदैन । जबसम्म कृषि क्षेत्रलाई उत्पादनशील बनाउदैनौं तबसम्म दीगो र तीब्र आर्थिक वृद्धि हुन कठिन छ । कृषिको सन्दर्भ उठाउँदा हामीले आफ्ना कृषकहरुको हितका लागि अडान लिएर डब्लुटीओ वैठक नै अवरुद्ध पार्ने अमेरिकी अडानबाट पाठ सिक्नुपर्ने हुन्छ । २५ प्रतिशत बाँझो जग्गा भएको हाम्रो देशमा आठलाख जनता भूमीहिन छन । जबसम्म यस्तो विरोधाभाषमा सामान्जस्यता गरिदैन तबसम्म कृषि क्षेत्रको समग्र उत्पादन बढ्न सक्दैन । यसै सन्दर्भमा के बुझ्न जरुरी छ भने, ६-७ प्रतिशत व्याजदरमा शहरबासीलाई गाडी र टिभी किन्न ऋण उपलव्ध छ भने कृषकहरुलाई दिने कर्जामा १४-१५ प्रतिशत व्याज पर्छ । कृषि क्षेत्र हाम्रो प्राथमिकतामा कहाँ परेको छ भन्ने कुराको यो एउटा उदाहरण मात्र हो । यस्तो स्थिति अमेरिकादेखि जापानसम्म विश्वको कुनै पनि भूभागमा छैन, जहाँ कृषिक्षेत्रलाई हर दृष्टकोणबाट संरक्षण नगरिएको होस् । जमीनको बढ्दो खण्डिकरणको डरलाग्दो बाढीलाई रोकेर चाक्लाबन्दी गर्नुपर्छ । यसबाट उत्पादन लागत घट्नुका साथै तीब्र रफ्तारमा कृषि उत्पादन वृद्धि हुनेछ । यस अलावा कृषिक्षेत्रको वृद्धि गैर-कृषिक्षेत्रको आधार पनि भएकाले त्यसबाट लाभान्वित हुन सक्ने एउटा लामो फेहरिस्त प्रस्तुत गर्न सकिन्छ ।

यस सन्दर्भमा, डा. कुरियनको "White Flood" दुग्ध आन्दोलनले सारा गुजरातको तस्वीर नै बदलिदिएको सफलताको कथा प्रस्तुत गर्न सकिन्छ । फिनल्याण्डले वन तथा वन्यजन्य उद्योग व्यापारबाट आफ्नो देश समुन्नत र सम्पन्न बनाउन सफल भएको छ । हरियो वन नेपालको धन भन्ने भनाई अझै पनि अससामयिक भएको छैन । नेपालले कार्वन व्यापारबाटै वार्षिक ४/५ अर्ब रुपैया आर्जन गर्न सक्ने सम्भावना रहेको छ । एक किलो यार्सागुम्बालाई नेपाली रुपियाँमा एकलाखभन्दा बढी परेको पाइन्छ । तर, नेपालमा पाइने विभिन्न जडिबुटीहरु कौडीको मूल्यमा बिक्री भैरहेका छन । कतिपय जिल्लाबाट लाखौं रुपैयाँ बराबरको तरकारी फलफुल बाहिरिने गरेको छ । सुन्तलाजातका फलफुलमा हामी चीन र भारतसँग प्रतिस्पर्धा गर्न सक्छौं, भोजपुर र बझाङको कागतीले पुरै नेपालको आन्तरिक माग पूरा गरी विदेश समेत निर्यात गर्न सकिन्छ । कृषिलाई आर्थिक वृद्धिको एक महत्वर्पूण इन्जिनको रुपमा लिएर यस क्षेत्रमा देखिएका सकारात्मक उदाहरणहरुलाई मात्रै पनि राष्ट्र व्यापी रुपमा कार्यान्वयन गर्ने हो भने छोटै अवधिमा यस क्षेत्रमा ठूलो प्रगति गर्न सकिन्छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा अतिथि महानुभावहरु,**

आर्थिक समृद्धिको महत्वपूर्ण स्रोतको रुपमा प्रमाणित भैसकेको वैदेशिक रोजगारीको गुणात्मक विकास गर्न यदि हामीले मासिक ५० हजारलाई वैदेशिक बजार अनुसार प्रशिक्षण दिने हो भने अहिलेको मासिक १५ हजार बाहिर जानेको संख्या सजिलै तीन गुणा बढाउन सकिन्छ । यसबाट अहिलेको आयमा कम्तीमा पनि १० गुणा बढोत्तरी हुनेछ । मलाई लाग्दछ, यही नै नेपालको एउटा यस्तो क्षेत्र हो जसले तत्कालै अर्थतन्त्रमा फड्को मार्न उल्लेख्य सहयोग पुऱ्याउन सक्छ ।

नेपालको आर्थिक समृद्धिको सर्वथा महत्वपूर्ण आधारस्तम्भ जलविद्युतको विकास हो । तर दुर्भाग्य, नेपालको जलऊर्जा क्षेत्र सदैव राजनीतिको कार्ड मात्र बन्यो । आज पनि हामी साताको १६ घण्टा लोडसेडिंगको मारमा छौं, हिउँदमा यो क्रम ४८ घण्टासम्म पुग्छ । विगत आधा शताब्दीको अवधिमा नेपालमा विद्युत निकाल्ने अनेकौ योजनाहरु बनेंपनि आजसम्म मात्र ६ सय मेगावाटभन्दा बढी विद्युत उत्पादन हुन सकेको छैन । यतिका वर्षपछि पनि हामी जलविद्युतका खुद आयातकर्ता हौं, निर्यातकर्ता हुनसकेका छैनौं ।

जलस्रोतको विकासका लागि अव नेपालका कुनै पनि पार्टीमा मतभेद छैन । मतभेद छ भने पाँचहजार मेगावाट निकाल्ने कि २० हजार मेगावाट निकाल्ने भन्ने मात्र हो । ट्यारिफ (Tariff) को मुद्दा पनि अब असान्दर्भिक भइसक्यो । निजी क्षेत्रको परियोजना 'पश्चिम सेती' को ट्यारिफ राष्ट्रिय बेञ्चमार्क (Benchmark) बन्न सक्छ । सरकारले ठूला विद्युत योजना विदेशी निजी कम्पनीहरुलाई सुम्पिदा सरकारले के प्राप्त गर्ने, यसमा पनि अब वहस गर्न जरुरी छैन, सतलजले 'अरुण- ३' सरकारसँग गरेको सम्झौचा आफैमा बैञ्चमार्क भैसक्यो । तर, दुर्भाग्य अहिले पनि २५ हजार मेगावाट जलविद्युत परियोजना निर्माणका फाइलहरु मन्त्रालयमा अनिर्णयका बन्दी बनेर बसेका छन् । अहिले आयोजनाहरु बन्ने होइन, लाइसेन्स लिएर खोलाको मालिक बन्नेहरुको खेती भएको छ । हामीले यी कथाहरुबाट सिकेर अघि बढ्नु छ, अबको १० वर्षमा कम्तिमा १० हजार मेगावाट विद्युत उत्पादन गरी निर्यात गर्ने र ५ हजार मेगावाट विद्युतको आन्तरिक खपत गर्ने राष्ट्रिय योजना तर्जुमा गरी अघि बढ्ने हो भने जलविद्युत क्षेत्रबाट मात्रै पनि नेपालीको आय १२,०००/- पुऱ्याउन सकिन्छ ।

नेपालको आर्थिक समृद्धिको अर्को आधारस्तम्भ भनेको पर्यटन हो । लामो समयसम्म द्वन्दको मारमा परेको पर्यटन क्षेत्रले शान्तिबहालीपछि नयाँ हौसला पाएको छ । अढाइ

लाखमा झरेको पर्यटन संख्या पाँचलाख पुगेकोछ । तर, हामीसँग जुन पूर्वाधारहरु छन्, त्यसका आधारमा हामी पर्यटनको समुचित विकास गर्न सक्ने अवस्थामा छैनौं । राष्ट्रियध्वजावाहक नेपाल एयरलाइन्सको अवस्था दयनीय छ । विमानस्थलहरु खराब हालतमा छन् । आन्तरिक हवाइसेवाको स्थिति पनि सन्तोषजनक छैन । बन्द, चक्काजाम र राजमार्ग असुरक्षाका कारण स्थलमार्गको स्थिति पनि भयावह छ । द्वन्दको मारमा परेर नर्सिंग होम, डिपार्टमेन्टल स्टोरहरुमा रुपान्तरण भएका होटलहरुका कारण बढ्ने क्रममा रहेको पर्यटकलाई कोठाको अभाव हुने निश्चित छ । काठमाडौं, पोखरा, चितवन, बाहेक अन्य पर्यटकीय गन्तव्य हुनसक्छन् भन्ने कुरा केवल पर्यटन व्यवसायीका माझ छलफलमा सीमित छ । मरुभूमिभन्दा बाहेक केही नभएको दुवाइले आफ्नो दूरगामी सोचका कारण वर्षमा १ करोड ३० लाख पर्यटक भित्र्याउने लक्ष्य हासिल गर्न सक्छ भने नेपालले वार्षिक २० लाख पर्यटक भित्र्याउनु अति सामन्य कुरा हुन सक्दछ । त्यसको लागि यो क्षेत्रको पूर्वाधार विकास र संरचनागत परिवर्तन पहिलो शर्त हो । प्रकृतिले दिएको सुन्दरता र इतिहासले दिएको पशुपतिनाथ, लुम्बिनी जस्ता गन्तव्य स्थल तथा विश्व समूदायको मनमा नेपाल र नेपालीप्रतिको गहिरो चासो र स्नेहको फाइदा लिन नसक्नु केवल राजनीतिक प्रतिबद्धताको कमी र व्यवस्थापनको दरिद्रता बाहेक अरु केही होइन ।

उत्पादनशील एवं सेवा उद्योगहरुको अभावमा कुनै पनि मुलुकको रोजगारी समस्याको हल तथा राजश्वमा वृद्धि हुन सक्दैन । भारत र चीन (तिब्बत) का विभिन्न नाकाहरुको आसपासमा यी दुई विश्वकै ठूला बजारहरुलाई लक्ष्य गरी छिमेकी राष्ट्रहरुको सहभागितामा बस्तु निर्दिष्ट (Product Specific) र क्षेत्र निर्दिष्ट (Sector Specific) विशेष आर्थिक क्षेत्र खुल्न सक्छन । चीन र भारतको उद्योग क्षेत्रको विकास नै यही आधारशीलामा अडेको छ । यसैगरी शिक्षा, स्वास्थ्य र मनोरञ्जनको क्षेत्रमा विभिन्न Regional Destination बन्न सक्दछन । यसका लागि राज्यले पूर्वाधार तथा अन्य मुलुकहरुको तुलनामा आकर्षक लगानीका प्याकेजहरु दिनु पर्दछ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा अतिथि महानुभावहरु,**

मैले नेपालसँग भएका अपार अवसरमध्ये केही सीमित क्षेत्रहरुका बारेमा मात्र केही कुरा राख्ने प्रयास गरेको हुँ । थप क्षेत्रहरुका बारेमा विस्तृत छलफल सम्मेलनको दौरानमा हुने नै छन् । तर, सुशासन तथा भरपर्दो 'डेलिवरी'को अभावमा यी सारा अवसरहरु फेरि पनि खेर जानसक्छन । यसका लागि सरकारको स्थायी संयन्त्र भनेको

कर्मचारीतन्त्र हो । तर, नेपालको कर्मचारीतन्त्रको शासकीय क्षमतामा विभिन्न राजनीतिक प्रयोगहरुका कारण गम्भीर स्खलन भएको छ । बढ्दो राजनीतिक हस्तक्षेपका कारण कर्मचारीको आत्मबल गिरेको छ  र उनीहरुमा आफ्नो पेशाको स्थायीत्व प्रति नै अविश्वासको स्थिति सृजना भएको छ । यसले गर्दा, भ्रष्टाचार अप्रत्यक्ष रुपमा संस्थागत हुन पुगेकोछ । राज्यको वितरण प्रणाली (Delivery System) गम्भीर दुर्घटनामा परेकोछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग अख्तियार धाउनुपर्ला भनेर निर्णय नगर्नका लागि एउटा बलियो आधारका रुपमा खडा भएकोछ । देशलाई अनिर्णयको बन्दी बनाउने यस्तो मनस्थितिको उपचार आफैमा ठूलो चुनौती बनेकोछ ।

अर्को महत्वपूर्ण पक्ष भनेको आर्थिक ढाँचा अर्थात् Economic Model को हो । मलाई लाग्दछ, २१ औं शताव्दीमा अब कुन आर्थिक मोडल भन्ने कुरा वहसको विषय नै रहेन । अमेरिकादेखि चीन र भियतनामसम्मले अपनाएको आर्थिक मोडलका सिद्धान्तहरु एकै हुन । निजी उद्यम, सरकार र निजी क्षेत्रको साझेदारी, सरकारको ध्यान पूर्वाधार निर्माणमा उद्यमीको ध्यान लगानी र व्यापारमा । सरकारको काम व्यापार गर्नु होइन । सरकारले व्यापार गर्दा के हुँदो रहेछ भन्ने कुराको ज्वलन्त उदाहरण नेपाल आयाल निगम, विद्युत प्राधिकरण र नेपाल वायुसेवा निगम हुन । व्यापारमा क्षणिक र सीमित लाभका लागि व्यापारिक गतिविधिमा नियन्त्रण राख्न चाहने केही सीमित राजनीतिक एवं कर्मचारीतन्त्रको चाहानालाई त्यागनै पर्दछ । कम्युनिष्टहरुको पृष्ठभूमिबाट आएको यो सरकार सामू आफुलाई चीन र भियतनामका पार्टीहरुले आर्थिक मुद्दामा अवलम्बन गरेका दृष्टिकोण तथा कार्यशैलीमा ढाल्न सक्लान त भन्ने गम्भीर प्रश्न मुलुक भित्र र बाहिर टड्कारो रुपमा उठेका छन । अहिले विद्यमान ट्रेड युनियनको गतिविधि, सुरक्षा निकायको शिथिलता एव रोजको बन्द र हडतालले त्यो कुराको संकेत गर्दैन । यदि दीगो र तीब्र गतिको आर्थिक वृद्धि हासिल गर्ने हो भने लगानीकर्तालाई निर्वाधरुपले भय रहित भैकन काम गर्न सक्ने वातावरण दिनु यसको पहिलो शर्त हुनेछ ।

स्थायी तथा दीगो आर्थिक विकासको मार्गचित्रलाई स्थायित्व दिन नयाँ बन्ने संविधानले आवश्यक प्रावधानहरु राख्नेछ भन्ने विश्वास हामीले लिएकाछौं । तर, संविधानसभामा प्रतिनिधित्व गर्ने हामीजस्ता प्रतिनिधिहरुलाई गहिरो चिन्ताले सताइरहेको छ । त्यो के भने जहिले पनि नयाँ संविधान र राज्य पुनसंरचनाको कुरा उठ्दा जातीय आधारलाई नै सर्वथा अगाडि सार्ने गरेको पाइन्छ । तर, मेरो विनम्र आग्रह के छ भने आर्थिक दीगोपन, उत्पादन क्षमता, उत्पादित बस्तुलाई बजारमा

पुऱ्याउने पूर्वाधार, प्राकृतिक स्रोत र साधनको न्यायसंगत विभाजनलाई राज्य पुर्नसंरचनाको मूलआधार बनाउन सकिएन भने आ-आफ्नो जातिको आफ्नै राज्य प्राप्त गर्ने भावनात्मक युद्ध त जित्न सकिएला तर मुलुकलाई आर्थिक दृटिकोणले समृद्ध बनाउने धोको भने सधैंको लागि अपूरो हुनेछ । मेरो विनम्र अनुरोध छ, मेरो यस भनाईलाई जाति तथा भाषाको संवेदनशीलतालाई अपमान गरेको भन्ने कहिले नठानी दिनुहोला । जातीयता र भाषालाई पहिचान र संस्कृतिको रुपमा उच्च सम्मान गर्दै आर्थिक दृटिकोणबाट सम्भाव्य र व्यवस्थापकीय दृष्टिकोणबाट सक्षम राज्यको परिकल्पना नै आजको आवश्यकता हो, अपरिहार्यता हो । मलाई लाग्छ, यही नै अहिलेको संविधानसभाको ठूलो चुनौती पनि हो ।

**सम्माननीय प्रधानमन्त्रीज्यू तथा आमन्त्रित महानुभावहरु,**

द्वन्दको कठोर मूल्य चुकाएर प्रतिफलको प्रतीक्षामा रहेका नेपालीलाई संक्रमण अनि संक्रमणका नाममा सधैंभरी अल्मल्याएर राख्न सकिन्न । यही संक्रमणलाई राष्ट्रिय संकल्प निर्माण गर्ने अवसरका रुपमा लिऔं । त्यही सपथ गर्ने राष्ट्रिय अभियानको प्रस्थान विन्दु हो यो, त्यही रुपमा यस सम्मेलनलाई लिइदिनका लागि सबैमा सादर अनुरोध गर्न चाहन्छु ।

आजदेखि तीनदिनसम्म सञ्चालन हुने यो सम्मेलन हामी सबैको सहकार्य र संकल्प निर्माण गर्ने आधार बनोस्, यो हाम्रो हार्दिक अपेक्षा हो । यहाँहरु सबैको सक्रिय सहभागिताले यो सम्मेलन राष्ट्रिय संकल्पको प्रस्थानविन्दुका रुपमा अनुमोदित हुनेछ, यही आग्रह र अपेक्षाका साथ पुनः एकपटक यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै म आफ्नो मन्तव्य यही बिसाउने अनुमति चाहन्छु ।

धन्यवाद ।

विनोद चौधरी
अध्यक्ष

१५ भदौ, २०६५